# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २६ असोज २०८०

# शुक्रवार

# बैठक सङ्ख्या- ४४

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:४८ बजे प्रारम्भ भयो ।

(१३:५० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईलाई "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१३:५० बजे) **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोककुमार राई**: सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद।

(१३:५१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईले प्रस्तुत गर्नुभएको "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान

विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई ३ मिनेटभित्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय देवेन्द्र दाहाल ।

(१३:५२ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक यो सदनमा प्रस्तुत भएको छ । सर्वप्रथम त, यो विधेयकको म स्वागतै गर्छु, यति हुँदाहुँदै पनि मेरा केही धारणाहरू राख्न चाहन्छु । नेपालमा विश्वविद्यालयसम्बन्धी अवधारणा नै आउनुपर्ने छ भन्ने मलाई लाग्छ, किनभने स्वास्थ्य विज्ञान सम्बन्धित एउटै ऐन बनाई सञ्चालन र व्यवस्थापन गर्ने, त्यसै गरेर liberal arts सँग सम्बन्धित हामीले भर्खरै मात्रै एउटा नेपाल विश्वविद्यालय विधेयक यस सभाबाट पारित गरेका छौं । त्यससँग, त्यसले गर्दाखेरि यस्तो छुट्टाछुट्टै विषयसँग सम्बन्धित विश्वविद्यालयहरू बनाउँदा चाहिँ उचित होला भन्ने मलाई लाग्छ । र हरेक जस्तो चिकित्सा विज्ञानको क्षेत्रमा हेर्ने हो भने थुप्रै विभिन्न खालका चाहिँ संस्थामार्फत सञ्चालन भइरहेका छन् । जस्तो BPKIHS छ, स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान छ, अनि यो नेम्स छ, लगायतका संस्थाहरू छन् । संस्थामार्फत सञ्चालन भा'को छन् । यी सबैलाई समेट्ने गरी विश्वविद्यालय आउँदा चाहिँ राम्रो हुन्छ भने मलाई लाग्छ । हुन त, चिकित्सा शिक्षातर्फ छुट्टै विश्वविद्यालय आवश्यक भएको कुरालाई नकार्न चाहिँ सकिँदैन । तर पनि चिकित्सा विज्ञान भनेर छुट्टाछुट्टै विश्वविद्यालय बनाउने कि, नबनाउने भन्ने विषय चाहिँ यो सोचनीय विषय छ । यसको बारेमा अलि छलफल गरेर गर्नुपर्छ भन्ने लाग्छ ।

र यो गेटा विश्वविद्यालयको नामले चर्चित सुदूरपश्चिमका जनताको dream को रूपमा रहेको यो विश्व विद्यालयलाई त म स्वागतै गर्छु । किन भने यो धेरै अगाडि देखि चर्चित भएको र चर्चामा आएको र विभिन्न हिसाबले यो स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा सञ्चालन भएर जानुपर्छ भन्ने कहिले, कहिले विश्वविद्यालयको रूपमा सञ्चालन भएर जानुपर्छ भन्ने यस खालका छलफलको विषयका बिचमा यो आएको छ । र जे भए पनि यो आएको छ तर यसलाई शिक्षा मन्त्रीज्यूलाई म सम्माननीय अध्यक्षज्यूमार्फत ध्यानाकर्षण गराउन चाहन्छु कि, यसतर्फ पनि

शिक्षा मन्त्रालयको ध्यान जाओस् । यो चिकित्सा विज्ञानसँग सम्बन्धित विभिन्न संघसंस्थाहरू छन् यसलाई एकै ठाउँमा राखेर ल्याउन सकिन्छ कि सकिँदैन? यसका सन्दर्भमा म जिज्ञासा पनि राख्न चाहन्छु । हवस्त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य सुरेश आलेमगर ।

(१३:५४ बजे) **<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, भर्खरै माननीय मन्त्रीज्यूले पेस गर्नुभएको सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० यो सदनमा छलफल प्रस्तुत भयो । यो एउटा सराहनीय निर्णय सरकारले गऱ्यो, यो विधेयक सराहनीय छ, स्वागतयोग्य । मेरो धारणा राख्न चाहन्छु । र यो विश्वविद्यालयको सन्दर्भमा अलिकति फरक धारणा के पनि राख्न चाहन्छु भन्दाखेरि यो विश्वविद्यालय जुन नामकरण भयो, शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय, यसले दुई तीनओटा कुराहरूलाई चाहिँ समेटेको छ । एउटा दशरथ चन्द आदरणीय शहीद, अहिलेसम्म मलाई लाग्छ विभिन्न नेताहरूको नाममा विभिन्न ठाउँहरूको नाममा चाहिँ विश्वविद्यालय स्थापना भएका छन् । तर आदरणीय शहीदहरूको नाममा एउटा पनि विश्वविद्यालयको स्थापना भएको छैन, त्यस अर्थमा यो विश्वविद्यालय महत्त्वपूर्ण हो भन्ने मलाई लागेको छ । शहीद दशरथ चन्द उहाँको नाममा एउटा विश्वविद्यालय, त्यो पनि स्वास्थ्य विज्ञानको विषयको अध्ययन, अध्यापन हुने । एउटा के छ भन्दाखेरि त्यसको साथसाथै अर्को दशरथ चन्द सुदूरपश्चिमको हुनुहुन्थ्यो, उत्पीडित क्षेत्रको हुनुहुन्थ्यो । यो पाटोलाई पनि यो विधेयकले समेट्छ भन्ने मलाई लाग्छ र यो पनि महत्त्वपूर्ण पाटो हो । म आफैं पनि उत्पीडित समुदायको भ'को हुनाले जहाँ जहाँ उत्पीडन हुन्छ । त्यो कुराले उत्पीडित समुदाय, उत्पीडित क्षेत्र, उत्पीडित वर्ग, उत्पीडित लिङ्गहरूको कुराले मलाई झक्झक्याइरहन्छ, निरन्तर strike गरिरहन्छ । त्यो हिसाबले पनि यो नामकरण ठिक हो भन्ने मलाई लागेको छ ।

र स्वास्थ्य विज्ञान सम्बन्धमा, स्वास्थ्य विज्ञान सम्बन्धमा योग्य, दक्ष जनशक्ति तयार पार्नका लागि पनि यो विश्वविद्यालय अवश्य पनि महत्त्वपूर्ण हुने छ । किन कि स्वास्थ्य विज्ञान धेरै महत्त्वपूर्ण विषय हो मानव समाजको लागि, मानव जातिका लागि र हाम्रो देशले यो क्षेत्रको दक्ष जनशक्तिको अभाव भोगिरहेको छ । त्यो हिसाबले पनि यो विश्वविद्यालय निर्माणको स्थापना महत्त्वपूर्ण हुने छ भन्ने मलाई लाग्छ ।

अर्को कुरा, तर यो बारेमा जस्तो अब चिकित्सा शिक्षा आयोगलगायतका आयोगहरू छन् । यो विश्वविद्यालय गठन भइसकेपछि त्यो आयोगहरू के होलान्? कसरी होलान्? यो बारे पनि सायद ध्यान सरकारले ध्यान दिएकै होला? र समग्रमा एउटा unified किसिमको चाहिँ नीति बनाएको होला भन्ने मलाई लाग्दछ । अन्तमा फेरी पनि यो विश्वविद्यालय शहीद दशरथ चन्दको नाममा उहाँको सम्मान हुने गरी यो विश्वविद्यालय जुन आइरहेको छ । यसलाई म स्वागत गर्न चाहन्छु । सराहना गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय शारदा देवी भट्ट ।

**(१३:५७ बजे) माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- माननीय अध्यक्ष महोदय, गेटा कलेज कैलाली, शहीद दशरथ चन्द स्वास्थ्य विश्वविद्यालय येन केन तरिकाले पूर्ण हुनुपर्दछ । सबै विघ्न बाधाहरू कपोलकल्पित हुन्, भोलि भाषा बदलिएका हुन् नबद्लिउन् । त्यो विश्वविद्यालयको धेरै आवश्यकता छ । म नेपाल सरकारसँग र शिक्षामन्त्रीसँग भन्न चाहन्छु । भोलि भाषा नबद्लियोस्, शीघ्र विश्वविद्यालयको घोषणा सुचारु रूपले होस् । निःसन्देह होस् र कुनै तरिकाले कुनै बबालमा नफसियोस् यो विश्वविद्यालयको । त्यहाँको दशरथ चन्द मात्र भनेर पनि सहिदको हो सम्मान, त्यो ठिक हो आफ्नो ठाउँमा छ । त्यहाँको जनतालाई धेरै आवश्यकता छ र धेरै माग पनि छ । म सरकारसँग जोडदार माग गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भुवन वहादुर सुनार ।

**(१३:५८ बजे) माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, यो शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयसम्बन्धी विधेयक आउनु आफैंमा यसको महत्त्व छ । किन भन्दा चाहिँ एक त स्वास्थ्य चाहिँ कर्मचारीको जरुरत भ'को बेलामा स्वास्थ्यसम्बन्धी चाहिँ जनशक्तिको उत्पादन गर्ने थलो स्थापना हुने आफैंमा महत्त्वपूर्ण छ । र त्यसमा पनि फेरि सुदूरपश्चिममा जहाँको चैं त्यहाँका मान्छेहरू यहाँ आएर पढ्न, त्यहाँका विद्यार्थी यहाँ आएर पढ्न नसक्ने अवस्थामा त्यहीं हुनु झन् उपयुक्त हुने नै भयो पश्चिममा पनि । र अहिले यो सुदूरपश्चिमको गेटा यो विश्वविद्यालयको चाहिँ चर्चा परिचर्चा भइरहेको बेलामा यसलाई सबैले सहयोग र समर्थन गर्न आवश्यक छ । तर अहिले अस्ति भर्खर

पनि फेरि यो शिक्षा विधेयक आ'को थियो र आज फेरि यो स्वास्थ्य विज्ञान विश्वविद्यालयको विधेयक आ'को छ । तर यी सबै त्यो चाहिँ विधेयकहरू हेर्दाखेरिमा चाहिँ किन यस्तो भइरखेको छ । सबै यो अलिक रूढिवादी खालका हिजोकै परम्परावादी खालका चाहिँ देखिन्छन् । किनभन यो अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिपछि पनि यो समावेशीहरू हुन सकेको छैन । अहिले यहाँ भित्र पनि यसो हेर्दाखेरिमा त्यहाँको चाहिँ कर्मचारी, त्यहाँको विद्यार्थी छात्रवृत्ति यी विविध कुरालाई राख्दा पनि अलि समावेशी खालको देखिएको छैन । फेरि हाम्रो अलि एक थोक नराम्रो परम्परा बनिरह्यो समावेशी भन्नासाथ । एक जना महिला राख्दिन साथ समावेशी हुने, त्यो त्यति मात्रै होइन । एक जना महिला राख्दैमा मात्र समावेशी हुँदैन । त्यसले गर्दा चाहिँ अरू समुदाय पनि छ । अझ पिँधमा रहको समुदाय छ । त्यसलाई पनि सहभागी गराएर चाहिँ यसलाई समावेशी बनाउन पर्छ । र समावेशी साथसाथै फेरि के हो त भन्दा चाहिँ यसलाई समर्थन गर्नलाई सबैले चाहिँ साथ र सहयोग रहँदा रहँदै पनि यी विषयहरूमा चाहिँ हामीले ध्यान पुऱ्याउनलाई, यी विषयमा फेरि जोड दिनलाई आवश्यक परिरहेको छ भन्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु । हस् धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य डाक्टर विमला राई पौडयाल ।

(१४:०० बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० मा विचार गरियोस् भन्ने प्रस्तावमा छौं । यो एकदमै समय सान्दर्भिक पनि छ । अस्ति नै आउनुपर्ने विधेयक हो जस्तो लाग्छ । किनभने धेरै अगाडिदेखि हामीले कैलालीको गेटामा चाहिँ स्वास्थ्य विज्ञान प्रतिष्ठान जुन चलिराखेको छ । त्यसलाई विश्वविद्यालय बनाउने भन्ने कुरा धेरै अगाडिदेखि नै चलेको हो । भौतिक पूर्वाधार पनि प्रशस्तै बनेको र अहिलेसम्म प्रयोग भइसक्नुपर्ने भौतिक पूर्वाधारहरू त्यतिकै पुरानो हुन सक्ने अवस्थामा पनि भइसकेको छ । त्यसले गर्दा ढिलै भए पनि यो विधेयक आएको छ । म यसलाई स्वागत गर्न चाहन्छु । हामी कलेजमा पढ्दाखेरि चारओटा टेक्निकल विषयहरू थिए । कृषि, वन, स्वास्थ्य र इन्जिनियरिङ यो चारओटा जसले पनि पढ्न चाहने टेक्निकल विषयहरू थिए । अहिले आएर यसो हेर्दाखेरि कृषि र वनमा कृषि र वनका विश्वविद्यालयहरू कृषि, वन विश्वविद्यालय र यसमा प्राइभेट पनि खुलेका छन् । तिनीहरूमा भर्ना नपाएर, भर्ना नपाएर भन्दा पनि भर्ना हुने विद्यार्थी नपाएर कक्षा चाहिँ खाली खाली भ'को अवस्था छ । तर आईटी अनि इन्जिनियरिङ र मेडिसिन यो तीनटा क्षेत्रमा चाहिँ फेरि पढ्छु भन्दाखेरि

भर्ना नपाएर विद्यार्थी बाहिर जाने अवस्था छ । हामीले समयसापेक्ष अगाडि बढ्न सक्न पर्छ । यदि मेडिसिन पढ्ने विद्यार्थीहरूको चाहना छ, इन्जिनियरिङमा बढी प्रेसर छ, मेडिसिनमा बढी प्रेसर छ, र आईटीमा बढी प्रेसर छ भने यही क्षेत्रहरूमा institute हरू बनाउने, university बनाउने, खुल्ला गर्ने । र हामी मात्रै होइन विदेशीहरू पनि नेपाल आएर पढ्न चाहन्छन्, उनीहरूको लागि पनि गुणस्तरयुक्त शिक्षा हामीले दिन सक्यौं भने शैक्षिक पर्यटनको एकदमै ठुलो opportunity पनि छ हाम्रो देशमा, अवसर पनि छ । त्यसले गर्दाखेरि यो खोल्नु ठिक हो, खोल्न पर्छ । अझ यो चाहिँ धेरै जसो medical science को विद्यालयहरू, कलेजहरू धेरै जसो काठमाडौंमा केन्द्रित भएका, केही पोखरामा, धरानमा गएका तर धेरै चाहिँ काठमाडौंमै केन्द्रित भएको यो अवस्थामा सुदूरपश्चिममा खुल्दै छ । जसले भौतिक पूर्वाधारको क्षेत्रमा पनि राम्रो काम गर्छ । त्यसपछि रोजगारी सिर्जना गर्ने, स्वास्थ्यको सेवा सबैभन्दा धेरै जनताको नजिकमा पुग्न सक्ने सम्भावना छ । त्यो हिसाबमा पनि यो राम्रो छ । तर एउटै कुरा के छ भनेदेखि governance असाध्यै महत्त्वपूर्ण छ । त्यसको governance को लागि चाहिँ कन्जुस नगरिकन political party हरूले र राज्यले पनि, सरकारले पनि कन्जुस नगरिकन देशमा भएका वा विदेशमा भएका जहाँ भएका भए पनि नेपालीहरूलाई आकर्षित गरेर यसको व्यवस्थापन बोर्डमा राख्न पर्छ । सरकारकै छत्रछाया, सरकारकै पूर्ण स्वामित्व, सरकारकै व्यवस्थापन भयो भनेदेखि चाहिँ फेरि अहिले कृषि र वनको हालत जस्तो हुन्छ कि भन्ने डर लाग्छ । त्यसलाई त्यसमा चाहिँ व्यवस्थापन गर्न पर्छ जस्तो मलाई लाग्छ । तर यो स्वागत चाहिँ म स्वागतयोग्य छ, स्वागत गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य नारायण प्रसाद दाहाल ।

(१४:०४ बजे) **माननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले प्रस्तुत यो विधेयक अब सामान्यतय हेर्दा यो आवश्यक छ । र यो सही समयमा सही ढङ्गले आयो भन्ने चाहिँ लाग्छ यसरी हेर्दा । त्यो कुन अर्थमा भने अहिले नेपालको स्वास्थ्य अवस्था बिरामीहरूको चाप, अनि गएर टेक्निसियनहरूको अभाव, यो सबैले हेर्दा र चाहिँ मन्त्रीज्यूले पेस गरेको विधेयकमा चाहिँ अब यो चिज यसमा चाहिँ एउटा दक्ष जनशक्ति उत्पादनको निम्ति भन्ने विषयहरू, यो सबै हेर्दाखेरि यसलाई गलत भन्ने ठाउँ चाहिँ छैन । तर अब चाहिँ समस्या चाहिँ के हो त भन्दा विश्वविद्यालयको अभाव चाहिँ नेपालमा छैन । बनेका विश्वविद्यालयको हालत हेर्दाखेरि फेरि यो पनि नामकै मात्र विश्वविद्यालय हुने हो कि भन्ने डर

चाहिँ त्यहाँनिर हो । यसको कार्यान्वयनको पक्ष, यसलाई सञ्चालनको पक्ष, त्यो हेर्न चाहिँ जरुरी छ । त्यस्तै अब दक्ष जनशक्ति उत्पादन गर्ने कुरा, पनि हेर्दा अहिले भएको जनशक्तिलाई हामीले नेपालमा खपत गर्न सक्या छैनौं । विदेश पलायन भइराख्या छ । योबारेमा पनि सोच्ने हो कि? बनाउने मात्रै ठुलो कुरो होइन । त्यसलाई सञ्चालन गर्ने कुरा त्यसलाई व्यवस्थापन गर्ने कुरातिर पनि उचित ध्यान जाओस् भन्ने कुरा सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारको विशेष ध्यान दिन म अनुरोध गर्दछु । त्यसले गर्दा अब यो विश्वविद्यालय बन्ने कुरामा चाहिँ मतलब विरोध भएन तर सञ्चालनको बारेमा गम्भीर बन्न म विशेष आग्रह गर्छु । हस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य गंगा कुमारी वेलबासे ।

(१४:०६ बजे) **<u>माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, दशरथ चन्द शिक्षा, स्वास्थ्य, दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय गेटा, विश्वविद्यालय पहिलेदेखि प्रस्तावित थियो । अहिले फरक नामले अहिले शहीद दशरथ चन्दको नामबाट स्थापित हुने कुरा आइसकेपछि थप यसले महत्त्व बोकेको छ । यसले भूमिका बढाएको छ भन्ने कुरा म राख्न चाहन्छु । सुदूरपश्चिम आफैंमा पछि परेको क्षेत्र जस्तो भएको थियो । हामी संविधान, सङ्घीयतामा गइसकेपछि सुदूरपश्चिम प्रदेशको रूपमा आफूलाई चिनिने, चिनाउने तरक्कीमा गइराखेको प्रदेशमा अहिले विश्वविद्यालय, स्वास्थ्य विश्वविद्यालय हुनु महत्त्वपूर्ण कुरा छ । यसमा गुणस्तरीय शिक्षा, गुणस्तरीय स्वास्थ्यमा ध्यान दिने कुरा महत्त्वपूर्ण छ । र कैलाली जस्तो जनघनत्त्व भएको महत्त्वपूर्ण ठाउँमा यो रहनु पनि उपयुक्त भएको छ । हाम्रो देशको भौगोलिक हावा, पानी अत्यन्त सुन्दर छ । हामीले सके विभिन्न देशबाट स्वास्थ्य विज्ञान विश्वविद्यालयमा विद्यार्थीहरूलाई आकर्षण गर्न सक्नेछौं, शिक्षाको हव बनाउन सक्नेछौं । यो विश्वविद्यालयको पढाइ सँगसँगै संरचनाहरू सबै तयार भइसकेको हुनाले तुरून्तै, तुरून्तै हस्पिटल सञ्चालन हुन सक्ने अवस्था हाम्रो देखिसकेका छौं, हामी पुगेका थियौं । त्यो भ'को हुनाले म यो प्रस्तावलाई समर्थन गर्दछु । हवस्, धन्यवाद ।

(१४:०७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१४:०७ बजे) **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोककुमार राईः**- सम्माननीय अध्यक्ष महोदय, शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयसम्बन्धी विधेयकको सैद्धान्तिक पक्षमाथि छलफल चलिरहँदा माननीयज्यूहरूले अत्यन्त महत्त्वपूर्ण विचारहरू राख्नुभएको छ । यो विश्वविद्यालय नेपालमा नै पहिलो medical science सँग सम्बन्धित, चिकित्सा विज्ञानसँग सम्बन्धित, स्वास्थ्य विज्ञानसँग सम्बन्धित विश्वविद्यालय हो । त्यसै पनि यो एउटा यस अर्थमा पनि यसले महत्त्व बोक्ने भई नै हाल्यो । त्यसपछि माननीयज्यूहरूले भन्नुभएको कुरा एकदमै साँचो हो । शहीद दशरथ चन्दको नामसँग यो विश्वविद्यालय जोडिने कुराले स्वाभाविक हिसाबले शहीदप्रति सम्मान त जाहेर हुन्छ नै तर यसले हामी सबै पनि गौरवान्वित हुन्छौं भन्ने कुरा स्पष्ट नै छ ।

अब यो विश्वविद्यालयको परिकल्पना धेरै पहिलेदेखि भएको, यसलाई ऐन बनाएर कार्यान्वयनमा लग्ने क्रम मात्रै अहिले चैं सुरु भएको हो । यो ऐन बनिसकेपछि यो विश्वविद्यालयले काठमाडौं उपत्यकाबाहिर सरकारले खोल्ने भनेर प्रतिबद्धता जनाएका मेडिकल कलेजहरूलाई आङ्गिक क्याम्पसको रूपमा यसले चैं सञ्चालन गर्नेतर्फ पनि परिकल्पना गरिएको छ । र यो माननीयज्यूहरू चैं यो विभिन्न छुटाछुट्टै भएकालाई एकीकरण गर्ने कि भन्ने जुन सुझाव राख्नुभएको छ, मलाई लाग्छ यो परिकल्पना तहगत चैं सोच्न सकिन्छ भन्ने लाग्छ । त्यसतर्फ यो विश्वविद्यालय चाहिँ अलिकन hybrid model मा, यसको व्यवस्थापनको पक्ष चैं hybrid model मा ल्याइएको छ, पछिल्लो बेलामा । अघिल्लो बेलामा भएका हाम्रा विश्वविद्यालयहरू सबैजसो प्रधानमन्त्री कुलपति हुने, शिक्षा मन्त्री त्यसको सहकुलपति हुने, उपकुलपतिले कार्यकारी रूपमा चैं परिचालन गर्ने र उपकुलपतिलगायतका पदाधिकारी छनोटमा शिक्षा, विज्ञान, प्रविधि मन्त्री र प्रधानमन्त्रीको करिब करिब निर्णायक भूमिका जस्तो रहने खालका छन्, पहिलेका हाम्रा अलि परम्परागत ढङ्गले चलिरहेका विश्वविद्यालयहरू । पछिल्लो बेलामा चैं आइरहेका ३/४ ओटा विश्वविद्यालयको के देखियो भने प्रधानमन्त्री र शिक्षा, विज्ञान, प्रविधि मन्त्रीलाई खासै ती विश्वविद्यालयहरूले चिन्दैनन् । खाली एउटा शिक्षा, विज्ञान, प्रविधि मन्त्रालयलाई चैं सम्पर्क मन्त्रालयको रूपमा व्यवहार गर्नेबाहेक खासै चैं चिन्दैनन् । तर यसले चैं कुलपतिको रूपमा प्रधानमन्त्री, सहकुलपतिको रूपमा शिक्षा, विज्ञान, प्रविधि मन्त्री रहने व्यवस्थालाई चैं अङ्गीकार गरेको छ, आत्मसात् गरेको छ । तर उपकुलपतिलगायतका

व्यवस्थापक पदाधिकारीहरू छनोट गर्ने मामलामा प्रधानमन्त्री र त्यहाँ शिक्षा, विज्ञान, प्रविधि मन्त्रीको चैं प्रत्यक्ष संलग्नता, सहभागिता नहुने खालको परिकल्पना यसले गरेको छ । विश्वविद्यालय सभाले आफूमध्येबाट ३ जनाको छनोट समिति बनाउने र त्यो छनोट समितिले सार्वजनिक रूपमा प्रतिस्पर्धा गराएर त्यसका पदाधिकारीहरू छनोट गर्ने परिकल्पना यसमा गरिएको छ । त्यसकारण मैले अलिकति यो hybrid model को प्रस्ताव गरिएको छ भनेर यहाँहरूलाई निवेदन गरेको हुँ ।

र स्वाभाविक हिसाबले माननीयज्यूले जुन सरोकार व्यक्ति गर्नुभएको छ, देशका हुन् वा विदेशका हुन्, योग्य, सुयोग्य चैं मान्छेहरूलाई व्यवस्थापनमा, व्यवस्थापनमा मात्रै होइन पठनपाठन कार्यमा समेत संलग्न गराउने गरी नै परिकल्पना गरिएको छ । र यो विश्वविद्यालय एउटा राम्रो नमुना विश्वविद्यालयको रूपमा चैं यो क्षेत्रमा नै, यो Asia मा नै अगाडि बढोस् भन्ने परिकाल्पनाका साथमा ऐनलाई दफावार छलफलमा माननीय सदस्यहरूले अझै समृद्ध, अझै परिमार्जित गर्नुहुने छ भन्ने मैले विश्वास लिएको छु । तसर्थ, यति कुरा राखेर यो जुन प्रस्ताव छ विचारका लागि प्रस्तुत गरिएको, यो प्रस्तावलाई पारित गरिदिनुहुन सभासमक्ष, गरिमामय सभासमक्ष हार्दिक अनुरोध गरेर बिदा हुन्छु । धन्यवाद ।

(१४:१३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

मानननीय सदस्यहरू, "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गराउन सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल असोज ३० गते मङ्गलवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल असोज ३० गते मङ्गलवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १४:१४ बजे ।**